नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२
चलानी नं.:- ४०४

मितिः-२०८१/१२/०८
नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८१/१२/०४ गतेको सचिव बठैकको निर्णय अनुसार कम्पनी वा व्यवसाय दर्ता, सवारी साधनको दर्ता वा खरिद बिक्रि, सवारी चालक अनुमतिपत्र प्राप्ति तथा नविकरण, पञ्जिकरणसम्बन्धी सेवाहरु, भन्सार तथा करसम्बन्धी सेवाहरु, स्वास्थ्य विमा, सामाजिक सुरक्षा कोषसम्बन्धी सेवा, घर जग्गा कारोबार, राहदानी वितरण, नागरिकता सम्बन्धी सेवा, वैदेशिक रोजगारसम्बन्धी सेवाहरु लगायत नेपाल सरकार र अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सम्पूर्ण प्रकारका सेवाहरुको डिजिटल सेवा रुपान्तरण योजना (Digital Service Transformation Plan) तर्जुमा गरी सम्बन्धित मन्त्रालयहरुले कार्यान्वयनमा ल्याउने र प्रदेश तथा स्थानीय तहलाई कार्यान्वयनको लागि अनुरोध गर्ने भनि आएकोले सोही व्यहोरा आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

...................
(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं · फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

श्री योजना अनुगमन शाखा
२०८१।१२।०६

श्री योजना महाशाखा
कार्यान्वयन गर्ने ।
२०८१।१२।६

## २०८१ चैत्र ०४ गतेको सचिव बैठकका निर्णयहरू

१. सार्वजनिक सेवा प्रवाह गर्ने सबै मन्त्रालय तथा निकायहरूले आ-आफ्नो तथा मातहतका कार्यालयबाट प्रदान गर्ने सेवाको मापदण्ड, विधि, समय, लिनुपर्ने राजस्व, जिम्मेवार व्यक्ति लगायतका विषय स्पष्ट हुने गरी आधुनिक प्रविधिको उपयोग गरी नागरिक एपमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने। प्रदेश र स्थानीय तहमा समेत यसै बमोजिम गर्न अनुरोध गर्ने।

२. कम्पनी वा व्यवसाय दर्ता, सवारी साधनको दर्ता वा खरिद बिक्रि, सवारी चालक अनुमतिपत्र प्राप्ति तथा नविकरण, पञ्जिकरणसम्बन्धी सेवाहरू, भन्सार तथा करसम्बन्धी सेवाहरू, स्वास्थ्य बिमा , सामाजिक सुरक्षा कोषसम्बन्धी सेवा, घर जग्गा कारोबार, राहदानी वितरण, नागरिकतासम्बन्धी सेवा, वैदेशिक रोजगारसम्बन्धी सेवाहरू लगायत नेपाल सरकार र अन्तर्गतका कार्यालयहरूबाट प्रदान गरिने सम्पूर्ण प्रकारका सेवाहरूको डिजिटल सेवा रूपान्तरण योजना (Digital Service Transformation Plan) तर्जुमा गरी सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयनमा ल्याउने । प्रदेश र स्थानीय तहमा समेत यसै बमोजिम गर्न अनुरोध गर्ने।

३. जग्गाको विवरण अद्यावधिक (हालसाविक) गर्दा बहुसंख्यक जग्गाधनीले दुःख पाएको र अनावश्यक हैरानी भोग्नुपरेको भन्ने गुनासो बारम्बार आउने गरेको सन्दर्भमा सार्वजनिक जग्गा, सडक विस्तार, सधीयारसंग हकभोगको विवाद परेको अवस्थामा बाहेक अन्य अवस्थामा हालसाविक गरिरहनुनपर्ने गरी सेवा प्रवाहलाई चुस्तदुरूस्त बनाउने व्यवस्था तत्काल भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८१/११/१८ मा पत्राचार भएबमोजिम सबै मन्त्रालयहरूले आ-आफ्नो मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी सम्बन्धित मन्त्रालयका सचिवको हस्ताक्षर सहित ३ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। नीति तथा कार्यक्रम तयार गर्दा कार्यान्वयनयोग्य तथा आम नागरिकलाई महशुस हुने खालका उत्पादन, उत्पादकत्व, रोजगारी, उद्यमशीलता, प्रविधिमार्फत सेवा प्रवाहमा सुधार र क्षमता विकासका विषयहरूलाई उच्च प्राथमिकता दिने।

५. सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका सम्बन्धमा नेपाल जोखिम सुचीमा परेको सन्दर्भमा वित्तीय कारबाही कार्यदल (FATF) बाट स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समयसीमा तथा मन्त्रालयगत जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तर्जुमा गरी सबै मन्त्रालयमा पत्राचार गर्ने र सबै मन्त्रालयले उक्त कार्ययोजनालाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने, गराउने।

६. नागरिकका समस्या र मागहरू समयमै सम्बोधन नहुँदा माग र समस्याका विषयहरू जटिल हुँदै गएको सन्दर्भमा आ-आफ्नो कार्यक्षेत्रका सम्बन्धमा उठेका विषयहरू तत् तत् निकायबाटै शुरू अवस्थामै सम्बोधन गर्ने प्रबन्ध गर्ने।

७. सबै मन्त्रालयले सिंहदरबार परिसर भित्र आ-आफ्नो मन्त्रालय र मातहतका निकायका नाममा रहेका पुराना र काम नलाग्ने सवारी साधन सिंहदरबार बाहिरका कार्यालयमा हस्तान्तरण वा भण्डारण गरी जिन्सी सामग्रीको उचित व्यवस्थापन एवम् सिंहदरबार सौन्दर्यको कार्य समयमै सम्पन्न गर्ने, गराउने।

८. कार्यान्वयन भैरहेका र कार्यान्वयनको क्रममा रहेका यस अघिका सचिव बैठकले गरेका निर्णयहरूको कार्यान्वयन एवम् सोको प्रतिवेदन गर्ने कार्यलाई आगामी दिनमा समेत सबै मन्त्रालयले उच्च प्राथमिकतामा राख्ने।

२०८१।१२।४